पोखरा महानगरपालिका

# स्थानीय राजपत्र

पोखरा महानगरपालिकाद्वारा प्रकाशित

खण्ड ०७) पोखरा, असार २८ गते, २०८० साल (संख्या ०६

## भाग १

## पोखरा महानगरपालिकाको विनियोजन ऐन, २०८०

(आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्ने सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन)

**प्रस्तावना** : पोखरा महानगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले नेपालको संविधानको धारा २२९ को उपधारा २ बमोजिम पोखरा महानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस ऐनको नाम "**पोखरा महानगरपालिकाको विनियोजन ऐन २०८०**" रहेको छ।

(२) यो ऐन सम्वत २०८० साल श्रावण १ गतेबाट लागु हुनेछ।

२. **परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आर्थिक वर्ष" भन्नाले हरेक वर्षको साउन महिनाको एक गतेदेखि अर्को वर्ष आषाढ मसान्त सम्मको अवधिलाई सम्झनु पर्दछ।

(ख) "महानगरपालिका" भन्नाले पोखरा महानगरपालिका सम्झनु पर्दछ।

(ग) "विनियोजन" भन्नाले सभाद्वारा विभिन्न सेवा र कार्यहरुको लागि विभिन्न शिर्षकमा खर्च गर्न विनियोजन भएको रकम सम्झनु पर्दछ।

(घ) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्दछ।

(ङ) "संचित कोष" भन्नाले पोखरा महानगरपालिकाको संचित कोष सम्झनु पर्दछ।

(च) "सभा" भन्नाले पोखरा महानगरपालिकाको नगरसभा सम्झनु पर्दछ।

(छ) "कार्यपालिका" भन्नाले पोखरा महानगरपालिकाको कार्यपालिका सम्झनु पर्दछ।

३. **आर्थिक वर्ष २०८०/०८१ को निमित्त संचित कोषबाट रकम खर्च गर्ने अधिकार :** (१) आर्थिक वर्ष २०८०/८१ को निमित्त नगर कार्यपालिकाको कार्यालय, विषयगत महाशाखा, वडा कार्यालय र अन्य खर्च केन्द्रले गर्ने सेवा र कार्यहरुका निमित्त रु. ७१५१५१७०००।- (अक्षरुपी सात अर्व पन्ध्र करोड पन्ध्र लाख सत्र हजार मात्र) मा नवढाइ वजेट तथा कार्यक्रममा उल्लेख भए बमोजिम संचित कोषबाट खर्च गर्न सकिनेछ।

(२) यस ऐनद्वारा संचित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आ.व. २०८०/८१ को निमित्त पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय, विषयगत महाशाखा, वडा कार्यालय र अन्य खर्च केन्द्रले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

४. **रकमान्तर :** (१) स्वीकृत वजेटको कुनै एक उपशिर्षकको कुनै एक खर्च शिर्षकबाट सोही उपशिर्षकको अर्को खर्च शिर्षकमा वा अर्को उपशिर्षकको कुनै खर्च शिर्षकमा कार्यपालिकाले रकमान्तर गर्न सक्नेछ तर पुँजीगत कार्यक्रमबाट चालु कार्यक्रममा रकमान्तर गर्न सकिने छैन।

(२) उपदफा (१) बमोजिम रकमान्तर गर्दा जुन शिर्षकमा रकमान्तर गर्ने हो सो खर्च शीर्षकमा सुरु विनियोजित रकमको पच्चीस प्रतिशतमा नवढ्ने गरि रकमान्तर गर्न सकिनेछ।

(३) शुरु वजेट विनियोजन नभएको खर्च शिर्षकमा रकमान्तर गर्न पाइनेछैन।

५. **कार्यक्रम संशोधन :** स्वीकृत वजेटको कुनै कार्यक्रम संशोधन गर्ने अधिकार कार्यपालिकाको हुनेछ तर स्वीकृत कार्यक्रमलाई प्रतिस्थापन गरि नयाँ कार्यक्रम ल्याउन पाइने छैन। स्वीकृत कार्यक्रमको त्रैमासिक विभाजनको संशोधन भने प्रमुख प्रशासकीय अधिकृतले गर्न सक्नेछन।

६. **अधिकार प्रत्यायोजन :** यस ऐन बमोजिमको रकमान्तर गर्ने तथा कार्यक्रम संशोधन गर्ने अधिकार कार्यपालिकाले नगर प्रमुख वा प्रमुख प्रशासकीय अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

**प्रमाणिकरण मिति**

२०८०।०३।२८

**आज्ञाले,**

**वीरेन्द्रदेव भारती**

**प्रमुख प्रशासकीय अधिकृत**